### खाद्य अधिकारसम्बन्धी

# जानकारी पत्र

## पृष्ठभूमि

**खाद्य अधिकार मानिसको बाँच्ने अधिकार र अन्य मानवअधिकार उपभोगका लागिसमेत पूर्वशर्त मानिन्छ । मानिस खाद्यविना बाँच्न सक्दैन । त्यसैले जीवन अस्तित्वका लागि खाद्य अधिकार नभई नहुने अधिकारको श्रेणीमा पर्दछ । खाद्य अधिकारको अभावमा अन्य अधिकार उपभोग नै गर्न सकिंदैन वा त्यस्ता अधिकारहरू स्वतः गौण मानिन्छन् । त्यसैले वास्तविक रूपमा व्यक्तिको मानवअधिकारको रक्षा गर्ने होभने खाद्य अधिकारलाई अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनले मौलिक हकको रूपमा मान्यता दिनु अपरिहार्य छ ।**

विश्व खाद्य सम्मेलन, १९९६ ले खाद्य सुरक्षालाई परिभाषित गरेअनुसार प्रत्येक व्यक्तिको स्वस्थ र सक्रिय जीवनयापनको लागि आफ्नो आवश्यकता र चाहनाअनुरूप सँधै पर्याप्त, स्वच्छ र पोषणयुक्त खानामाथिको भौतिक र आर्थिक पहुँच भएको अवस्था खाद्य सुरक्षा हो । तर, नेपालको सन्दर्भमा खाद्य सुरक्षाले अपेक्षाकृत सफलता हाँसिल गर्न खाद्य सुरक्षाका मुख्य चार स्तम्भहरू जस्तैः *"खाद्य उपलब्धता"*, *"खाद्यमाथिको पहुँच"*, यसको *"उपयोग"* र *"स्थिरता"*मा समयानुकूल सुधार हुनु आवश्यक देखिन्छ ।[४] खाद्य अधिकारको क्षेत्रमा अभियान सञ्चालन गर्ने अभियन्तालगायत यस क्षेत्रमा क्रियाशील सरोकारवालाहरूलाई सुसूचित गर्ने हेतुले खाद्य अधिकारसम्बन्धी "जानकारीपत्र" तयार गरिएको छ ।

## खाद्य अधिकारको के महत्व छ ?

स्वच्छ र उपयुक्त खाना खान पाउनु मानिसको मौलिकअधिकार हो । मानव र खाद्यको अन्योन्याश्रित सम्बन्ध रहेको छ । स्वस्थ रहन र जीवनयापन गर्न खाद्य पदार्थको उपयोग गरिन्छ । खाद्य वस्तुको संसर्गबाट हुने रोगहरूको असर तुरुन्त असक्त बनाउने लगायत अल्पकालीन र दीर्घकालीन असर हुने गर्छ । साथै कहिलेकाहीँ यसको परिणाम प्राणघातक पनि हुन सक्छ ।[५]

| खाद्य पदार्थ, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य सुरक्षासम्बन्धी संक्षिप्त जानकारी | |
|---|---|
| खाद्य पदार्थ भन्नाले के बुझिन्छ ? | खाद्य ऐन, २०२३ को दफा २(क) मा खाद्य पदार्थ भन्नाले साधारणतः मानिसले खाने, पिउने, अप्रशोधित, अर्धप्रशोधित, प्रशोधित वा उत्पादित खाद्य वा पेय पदार्थ सम्फनुपर्छ र सो शब्दले खाने, पिउने पदार्थमा प्रयोग गरिने मरमसला, खाद्य योगशील (फुड एडिटिभ) रङ्ग वा सुगन्धसमेतलाई जनाउँछ भनिएको छ । |
| खाद्य अधिकार भनेको के हो ? | संयुक्त राष्ट्रसङ्घ खाद्य तथा कृषि सङ्गठनका अनुसार जुनसुकै समयमा पनि प्रत्येक व्यक्तिको सक्रिय तथा स्वस्थ जीवन जीउन आवश्यक पर्ने सुरक्षित तथा पोषिलो खाद्यान्नमा भौतिक एवं आर्थिक पहुँच पुग्दछ तब खाद्य सुरक्षा भएको अवस्था मान्न सकिन्छ । उपलब्धता, आपूर्तिको स्थिरता, पहुँच तथा उपभोग नै खाद्य सुरक्षाका चार खम्बा हुन् ।[२] |
| खाद्य सम्प्रभुता भनेको के हो ? | खाद्य सम्प्रभुता भन्नाले खाद्य प्रणालीमा कृषक, खाद्य उपभोक्ता, स्थानीय जनता तथा समुदायको नियन्त्रण, निर्णय प्रक्रियामा सहभागिता र प्रतिनिधित्वको प्रत्याभूति तथा छनोटको स्वतन्त्रता उपभोग गर्न सक्ने स्थितिको विद्यमानतालाई जनाउँछ ।[३] |
| खाद्य सुरक्षा भनेको के हो ? | खाद्य सुरक्षा भन्नाले सबै जनताका लागि सबै समय र परिस्थितिमा आफ्नो स्वास्थ्य र सक्रिय जीवनको लागि पोषणको आवश्यकता पुरा गर्न चाहिने पर्याप्त तथा सुरक्षित खाद्यमा भौतिक र आर्थिक पहुँच स्थापित हुनुलाई बुझाउँछ ।[१] |

१ जुरी नेपाल र फियान नेपालबाट तयार गरिएको खाद्य अधिकारसम्बन्धी रूपरेखा कानुन, नमूना विधेयकको प्रारूप, २०७१ ।

२ राष्ट्रिय खाद्य सुरक्षाका सन्दर्भमा पर्याप्त खाद्य अधिकारको क्रमिक अनुभूतिका लागि टेवा पुऱ्याउन नोभेम्बर २००४ मा खाद्य तथा कृषि सङ्गठनको १२७ औं बैठकबाट अनुमोदित स्वेच्छिक मार्गदर्शन, रोम, २००५ ।

३ पाद टिप्पणी नं. १ ।

४ तेह्रौं योजना (आर्थिक वर्ष २०७०/७१- २०७२/७३), नेपाल सरकार, राष्ट्रिय योजना आयोग, असार २०७१ सिंहदरबार, काठमाडौं ।

५ लामा, जीवनप्रभा (२०६७), *खाद्य गुण नियन्त्रणमा भएका प्रयासहरू*, वार्षिक प्रकाशन आपूर्ति, वाणिज्य विभाग, काठमाडौं, २०६७ ।

खाद्य अधिकारभित्र गुणस्तरहीन खाद्य वस्तु तथा सेवाको उपभोगविरूद्धको हक पनि संरक्षित हुन्छ ।

## खाद्य अधिकार किन र कसका लागि ?

खाद्य अधिकार अन्य मानवअधिकारको उपभोगका लागि पूर्वशर्त मानिन्छ । किनकी गुणस्तरयुक्त खाद्य नभई मानिस बाँच्न सक्दैन र यसको अभावमा अन्य मानवअधिकारका विषयहरू प्रभावहिन हुन्छन् । त्यसैले अन्य मानवअधिकारका विषय उपभोगका लागि खाद्य अधिकार पहिलो खुटकिलो मानिन्छ । उपभोक्ताका आठवटा अधिकारमध्ये "आधारभूत आवश्यकताको परिपूर्ति गर्न पाउने अधिकार"लाई महत्वपूर्ण अधिकारको रूपमा लिइन्छ । त्यसैले हरेक राज्यले खाद्य सुरक्षाको विषयलाई गहनतापूर्वक र संवेदनशील ढङ्गले लिएको पाइन्छ । खाद्य अधिकार सबैको लागि उत्तिकै महत्वपूर्ण पक्ष भए तापनि विशेषगरी अरूको संरक्षण आवश्यक पर्ने, विशेष संरक्षणको खाँचो रहेका वर्ग, जातजाती, लिङ्ग र अवस्थाका व्यक्तिहरू जस्तैः परित्यक्त बालबालिका, विपन्न वर्गका दलित, आन्तरिक रूपमा विस्थापित, सुकुम्बासी, सिमान्तकृत समूह, अशक्त बृद्धबृद्धालगायत अरूको संरक्षण आवश्यक पर्ने वर्गका लागि राज्यको तर्फबाट परिपूर्तिका लागि अझ बढी महत्व हुन्छ ।

## के खाद्य अधिकार भनेको निःशुल्क रूपमा सबै नागरिकलाई खाद्य अधिकार सुनिश्चित गर्ने भन्ने हो ?

नेपालको अन्तरिम संविधान, २०६३ ले प्रत्येक व्यक्तिको सम्मानपूर्ण जीवन बाँच्न पाउने अधिकार सुनिश्चित गरेको छ । सम्मानपूर्ण जीवन बाँच्नका लागि जीवनरक्षाको पूर्वशर्तको अधिकारको रूपमा खाद्य अधिकारलाई लिइन्छ । त्यसैले राज्यले मानवअधिकारअन्तर्गत खाद्य अधिकारको सम्मान गर्ने, संरक्षण गर्ने र परिपूर्ति गर्ने दायित्व निर्वाह गर्नुपर्छ । किनकी राज्य नागरिकहरूको अन्तिम अविभावक हो । सम्मान गर्ने दायित्वअन्तर्गत राज्यले गुणस्तरिय खाद्य वस्तु उत्पादन र वितरणका लागि विभिन्न निकायसँग समन्वयकारी भूमिका निर्वाहमार्फत उचित वातावरणको निर्माण गरी आफ्नो दायित्व पूरा गर्नुपर्छ भने संरक्षण गर्ने दायित्वअन्तर्गत खाद्य वस्तुको



गुणस्तर कायम गर्ने लगायत यसको वितरणमा समेत नियमनकारी निकायको भूमिका निर्वाह गर्नुपर्दछ । तर, परिपूर्ति गर्ने दायित्वअन्तर्गत आर्थिक रूपमा विपन्न तथा विशेष संरक्षणको आवश्यक भएका वर्गका लागि राज्यले सहुलियत रूपमा वा आवश्यकताअनुसार निःशुल्करूपमा खाद्य वस्तुको उत्पादन र वितरण गर्ने कार्यमा संरक्षकीय दायित्व निर्वाह गर्नुपर्दछ ।

कुनैपनि व्यक्ति आफ्नो रहर र चाहनाले गरिब हुँदैन । विभिन्न परिस्थिति र प्राकृतिक विपत्तिका कारण व्यक्ति असहाय र बेसहाराको स्थितिमा पुग्दछ र त्यो सँधैका लागि हुन्छ भन्ने होइन । उदाहरणका लागि विगतदेखि विद्यमान रहेको क्षेत्रीय, जातीय, वर्गीय तथा लैङ्गिक विभेद तथा असमानताका कारण व्यक्ति गरिबी र आर्थिक विपन्नताबाट माथि उठन नसकेको अवस्था विद्यमान हुन सक्छ । त्यसैले यस्तो अवस्थाबाट गुज्रेका नागरिकका लागि राज्यले खाद्य अधिकार परिपूर्ति गर्ने दायित्वबाट पन्छिन मिल्दैन । विशेष गरी प्राकृतिक तथा अन्य कारणले विपत्तिमा परेका, असहाय, आफ्नो जीविका आफैंले चलाउन नसक्ने, परित्यक्त तथा विशेष संरक्षणको खाँचो पर्ने व्यक्ति वा नागरिकका लागि मात्र राज्यले विशेष सामाजिक सुरक्षाको व्यवस्थामार्फत त्यस्ता व्यक्तिको न्यूनतम् खाद्य अधिकारको परिपूर्तिका लागि खाद्य अधिकार सुनिश्चित गर्ने वातावरण सृजना गर्नुपर्दछ । जसका लागि विशेष सहुलियतपूर्ण ऋण प्रदान गर्ने, अनुदान दिने तथा राहत तथा अल्पकालीन अवधिका लागि निःशुल्क रूपमा खाद्य अधिकार सुनिश्चित गर्ने र त्यस्ता परिवारको पहिचान गरी विशेष आर्थिक उत्थानका कार्यक्रमहरू मार्फत उनीहरूको जीविकोपार्जनमा सुधार ल्याउने कार्यक्रम तय गरी त्यस्ता व्यक्तिको खाद्य अधिकार सुनिश्चित गर्नुपर्दछ ।

> राज्यले खाद्य अधिकारको सम्मान गर्ने, संरक्षण गर्ने र परिपूर्ति गर्ने दायित्व निर्वाह गर्नुपर्छ ।

त्यसैले खाद्य अधिकारको सुनिश्चितता गर्नु भनेको सबै नागरिकलाई निःशुल्क रूपमा खाद्य वस्तु वितरण गर्ने नभई खाद्य वस्तु तथा सेवाको गुणस्तर कायम राख्नको लागि राज्यको नियमनकारी भूमिका बलियो बनाउने र आफ्नो लागि आफैले खाद्य अधिकारको प्रत्याभूति गर्न नसक्ने प्रकृतिका व्यक्ति तथा नागरिकका लागि मात्र राज्यको भूमिका संरक्षकीय बनाउने हो । जसलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनले समेत प्रत्याभूति गरेका छन् ।

## खाद्य अधिकार सुनिश्चित गर्न भूमिको उपयोग कसरी प्रभावकारी बनाउन सकिन्छ ?

विशेष भौगोलिक अवस्थाका कारण नेपालमा खेतीयोग्य जमिन बढाउन कठिन छ । तराइले १७ प्रतिशत क्षेत्रफलमात्र ओगटेको छ । यो कुल खेतीयोग्य जमिनको ४९ प्रतिशत हो । पहाड र हिमालले क्रमशः ६३ र २० प्रतिशत भूभाग ओगटेका छन् । तर खेतीयोग्य जमिन ४० र ११ प्रतिशत मात्र छ । नेपाल साउथ एशिया सेन्टरको सन् १९९८ को एक सर्वेक्षणअनुसार ३३ लाख ६४ हजार १ सय परिवारसँग खेतीयोग्य जमिन छ भने कृषि क्षेत्रमा आश्रित भएपनि ९ लाख ७५ हजार ५ सय ८९ परिवारसँग आफ्नो जमिन छैन । यसबाट के स्पष्ट हुन्छ भने हामीकहाँ खाद्य आपूर्ति सहज तुल्याउन जमिनको उत्पादकत्व बढाउनुको विकल्प छैन । जमिनको पुनर्वितरण र उचित व्यवस्थापन नगर्ने हो भने सङ्कट अझ गहिरिएर जाने निश्चित छ ।[६]

## कृषि नीति, २०६१ मा दुर्गम क्षेत्रका नागरिकको खाद्य अधिकार सुनिश्चित गर्न कस्तो नीतिगत व्यवस्था गरिएको छ ?

कृषि नीति, २०६१ मा खाद्यान्नको अभाव भएका क्षेत्रमा खाद्यान्न पुऱ्याउन आपूर्ति कार्यक्रम सञ्चालन गरिने र पहाडी क्षेत्र आसपासमा त्यस्तो आपूर्ति कार्यक्रममार्फत बजार मूल्यमा खाद्यान्न खरिद गरी स्थानीय उत्पादन बढाउन प्रोत्साहन गर्ने कार्यक्रम तय गरिएको छ ।[७]

## कृषि नीतिमा लक्षित वर्गको लागि कस्तो व्यवस्था गरिएको छ ?

आधा हेक्टरभन्दा कम जमिन भई सिँचाइ सुविधा न्यून रहेका, दलित, उत्पीडित तथा अन्य सिमान्तकृत कृषक एवं कृषि श्रमिकहरूलाई लक्षित समूहमा वर्गीकरण गरी भूमिमा पहुँच पुऱ्याउन कायम रहेको कानुनी हदवन्दीको प्रभावकारी कार्यान्वयन, हदबन्दी छुटको अनुगमन तथा करार कृषि खेती विस्तार गर्ने लगायतका व्यवस्थाहरू कृषि नीतिले ल्याएको छ ।[८]

## खाद्य अधिकार सुनिश्चित गर्नका लागि चालु तेह्रौं योजनामा कस्ता कार्यक्रम तय गरिएका छन् ?

तेह्रौं योजना (आर्थिक वर्ष २०७०/७१-२०७२/७३) मा खाद्य अधिकार सुरक्षाका लागि तय गरेका मुख्य कार्यक्रमहरू निम्न छन् ।[९]

१) राष्ट्रिय खाद्य तथा पोषण उपभोग स्थिति र खाद्य आवश्यकता तथा उपलब्धताबारे अध्ययन सर्भेक्षण गर्ने ।

२) खाद्य बजार, खाद्य वस्तु तथा खाद्य उद्योगको अनुगमन गरी स्वस्थ र स्वच्छ खाद्यवस्तुको उपलब्धताको सुनिश्चित गर्ने ।

३) नीति विश्लेषण एवं अनुसन्धान, नीति कार्यान्वयन तथा प्रभावकारितासम्बन्धी अध्ययन, खाद्य तथा पोषण सुरक्षा प्रदान गर्ने उपयुक्त सुरक्षा कवचको पहिचान सम्बन्धमा अध्ययन गर्ने ।

## चौंथो मानवअधिकार राष्ट्रिय कार्ययोजनामा खाद्य अधिकारलाई कसरी समेटिएको छ ?

चौंथो मानवअधिकार राष्ट्रिय कार्ययोजना (२०७१/७२-२०७५/७६) मा खाद्यसम्बन्धी हक सुनिश्चित गर्नका लागि खाद्यान्नको अभाव हुने हिमाली र पहाडी जिल्लामा खाद्यान्न ढुवानीमा अनुदान दिई त्यहाँका बासिन्दालाई सरल र सर्वसुलभ रूपमा खाद्यान्न उपलब्ध गराउने ।



६ रूपान्तरण पूर्णाङ्क ५, बैशाख २०६६, पृष्ठ ४० ।

७ कृषिसम्बन्धी नीतिहरूको सँगालो, आषाढ, २०७०, नेपाल सरकार, कृषि मन्त्रालय, काठमाडौं ।

८ ऐजन ।

९ पाद टिप्पणी नं. ४ ।

बजारमा अप्रत्यासित रूपमा हुने मूल्य बृद्धिलाई रोक्न खाद्यान्नको बिक्रीवितरण गर्ने, प्राकृतिक तथा दैवीप्रकोपको समयमा खाद्यान्नको अभाव हुन नदिने, खाद्य भण्डारणको व्यवस्था गर्ने, महिला, दलित, पिछडावर्ग, सीमान्तकृत, बादी समुदाय आदिलाई पोषणयुक्त खाद्यान्न उपलब्ध गराउने भनिएको छ । त्यसैगरी देशभर आयोडिनयुक्त नूनको बिक्रीवितरण गर्ने, खाद्यान्नको कृत्रिम मूल्य वृद्धिको अनुगमन गरी कृत्रिम मूल्य वृद्धि हुन नदिने, खाद्य पदार्थमा हुने मिसावट रोकी गुणस्तरीय वस्तुको सुनिश्चितता गर्ने, आधारभूत खाद्य पदार्थ र पिउने पानीको गुणस्तर परीक्षणका लागि प्रत्येक जिल्लामा प्रयोगशालाको स्थापना गर्ने, मानव शरीरमा हानी पुऱ्याउने अखाद्य वस्तु, सडेगलेका, म्याद सकिएका वस्तुको बिक्रीवितरणमा रोक लगाउने तथा त्यस्ता कार्य गर्नेलाई निरूत्साहित गर्न कानुनी कारवाही गर्ने र खाद्यान्न बालीहरूको उत्पादन र उत्पादकत्व बृद्धि गर्नेलगायतका कार्यहरू गर्ने विषयमा कार्ययोजनाले प्राथमिकता दिएको छ ।[10]

## खाद्य अधिकार प्रत्याभूति गर्ने अन्तर्राष्ट्रिय कानुनी व्यवस्था कस्तो छ ?

मानवअधिकारको विश्वव्यापी घोषणापत्र, सन् १९४८ को घोषणापत्रको धारा २ मा उल्लेखित अधिकार र स्वतन्त्रताको उपभोगको अधिकार हुनेछ भन्ने व्यवस्था गरिएको छ ।

उक्त घोषणापत्रको धारा २५(१) मा प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्न, औषधोपचारको सुविधा र आवश्यक सामाजिक सेवाहरूलगायत पर्याप्त जीवनस्तरको अधिकार सुनिश्चित गर्नुका साथै अशक्त वा कावुबाहिरको परिस्थितिमा जीविकोपार्जनको सुरक्षाको प्रत्याभूति गरिएको छ ।

साथै नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ जसलाई नेपालले सन १९९० मा अनुमोदन गरको छ । यसको प्रस्तावनामा मानवअधिकारको प्रत्याभूतिका लागि नागरिक तथा राजनैतिक अधिकारको साथै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको प्रत्याभूति उत्तिकै महत्वपूर्ण हुने उल्लेख गरिनुले यसको महत्वलाई जोड दिएको छ ।

यसैगरी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ जसलाई नेपालले सन १९९० मा अनुमोदन गरेको छ । यसको धारा २(१) मा विशेषगरी अन्तर्राष्ट्रिय सहयोगको माध्यमबाट भएपनि आफ्नो राज्यको आर्थिक तथा प्राविधिक सहयोगलाई महत्वपूर्ण अङ्गको रूपमा लिई आर्थिक समुन्नति र विकासका लागि सबै मानवको मानवअधिकारको संरक्षणमा जोड दिएको पाइन्छ । यसको धारा १०(२) मा शिशु जन्मनुअघि र पछिको उचित अवधिभर आमाहरूलाई विशेष संरक्षण प्रदान गर्नुपर्ने दायित्व सुम्पिएको छ । साथै यसको धारा ११ (१) मा पक्ष राष्ट्रहरूले प्रत्येक व्यक्तिको पर्याप्त भोजन एवं पर्याप्त जीवनावस्थाको निरन्तर सुधारको

### अन्य मुलुकका संविधानमा खाद्य अधिकारसम्बन्धी कस्तो व्यवस्था छ ?

| मुलुक | धारा | खाद्य अधिकारसँग सम्बन्धित विषय |
|---|---|---|
| ब्राजिल | ६ | शिक्षा, स्वास्थ्य र खाद्य सामाजिक अधिकार हुन् । |
| | ७ | शहरी तथा ग्रामिण कामदारहरूका आधारभूत आवश्यकता परिपूर्ति गर्ने न्यूनतम ज्याला, तिनीहरूका परिवारका लागि आवास, खाद्यान्न, शिक्षा, स्वास्थ्य लगायत सामाजिक सुरक्षाको हक हुनेछ । |
| दक्षिण अफ्रिका | २७ | प्रत्येक व्यक्तिलाई पर्याप्त खाद्यान्न र पानीमा पहुँचको अधिकार हुनेछ । |
| | २८(ग) | प्रत्येक बालबालिकालाई आधारभूत पोषण, आवास, आधारभूत स्वास्थ्य स्याहार तथा सेवाको हक हुनेछ । |
| जिम्वावे | ७७ | प्रत्येक व्यक्तिलाई सफा पानी तथा पर्याप्त खाद्यको अधिकार हुनेछ । राज्यले उपलब्ध स्रोतसाधनभित्र रहेर खाद्य अधिकारको क्रमिक परिपूर्तिका लागि उचित विधायिकी तथा अन्य उपायहरू अवलम्बन गर्नेछ । |
| फिजी | ३६(१) | राज्यले उपलब्ध स्रोतसाधनहरूभित्र रहेर प्रत्येक व्यक्तिको भोकबाट मुक्ति पाउने तथा गुणस्तरयुक्त पर्याप्त खाद्य तथा स्वच्छ पानी प्राप्त गर्ने हकको क्रमिक परिपूर्तिका लागि उचित उपायहरू अवलम्बन गर्नेछ । |
| | ३६(२) | यो धाराअन्तर्गतको अधिकार लागू गर्दा यदि राज्यले आफूसँग स्रोतसाधन नभएको दावी गर्दछ भने त्यस्तो स्रोत साधन अपर्याप्त भएको कुरा पुष्टि गर्ने राज्यको जिम्मेवारी हुनेछ । |

१० चौंथो मानवअधिकार राष्ट्रिय कार्ययोजना, २०७१/७२-२०७५/७६, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौँ, साउन २०७१ ।

अधिकारलाई संरक्षण गर्नुका साथै यसको उपधारा (२) मा भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको मौलिकअधिकार भएको विषय सुनिश्चित गर्दै त्यसको सुनिश्चितताको लागि आवश्यक विभिन्न उपायहरूको समेत अवलम्बन गर्ने दायित्व पक्ष राष्ट्रलाई सुम्पिएको छ ।



उपरोक्त प्रतिज्ञापत्रका अतिरिक्त महिला हिंसाविरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि, १९७९ को धारा १२(२) मा महिलालाई आवश्यक भएका बखत र विशेषगरी गर्भवती, प्रसूति र प्रसूतिपश्चातको अवस्थामा निःशुल्क सेवा एवं दूध खुवाउने अवधिमा पर्याप्त पोषण समेत सुनिश्चित गर्ने दायित्व राज्यलाई सुम्पेको छ । साथै धारा १३ मा पारिवारिक लाभको अधिकार सुनिश्चित गरिएको छ ।

बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ३ मा बालबालिकाको हितका लागि आवश्यक संरक्षण र स्याहारको प्रतिज्ञा गर्न आवश्यक व्यवस्थापकीय र प्रशासनिक उपायहरू अवलम्बन गर्ने दायित्व सुम्पिएको छ । साथै धारा २० मा बालबालिकाको संरक्षण निजका संरक्षक वा अविभावकबाट हुन नसकेको अवस्थामा राज्य नै बालबालिकाको अन्तिम तथा निर्विकल्प अविभावक भएको सुनिश्चित गर्दै तिनको उचित पालनपोषण र सुरक्षा राज्यले लिनुपर्ने दायित्व सुम्पिएको छ ।

यसैगरी अपाङ्गता भएका व्यक्तिहरूका अधिकारसम्बन्धी महासन्धि, २००६ को धारा २८ मा अपाङ्गता भएका व्यक्तिहरूको पर्याप्त जीवनस्तर र सामाजिक संरक्षणको हकको व्यवस्था गरी उनीहरूको खाद्य अधिकार समेत सुनिश्चित गर्नका लागि राज्यहरूले उपयुक्त कदम चाल्नुपर्ने दायित्व सुम्पेको छ ।

उपरोक्त व्यवस्थाका साथै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र कार्यान्वयन गर्ने समितिको सामान्य सुझाव नं. १२ मा खाद्य अधिकारको प्रत्याभूतिमा त्यसको खाद्य पोषणयुक्त पनि हुनुपर्ने उल्लेख गरेको छ । साथै संयुक्त राष्ट्रसङ्घको सन् २००३ मा सम्पन्न ५९ औं महासभामा खाद्य अधिकारसम्बन्धी विशेष समाधिक्षकले गरिबीको कारक तत्वहरूमा भूमिलगायतको स्रोतको पहुँचमा कमीका कारण खाद्य अधिकारबाट व्यक्ति बञ्चित हुदै गएको टिप्पणी सार्वजनिक गरेका छन् ।[११]

११ Chapagain, R.P. (2014), *Review of the Legislative Framework and Jurisprudence Concerning the Rright to Adequate Food in Nepal*, FAO, UN, Rome, p7.

उपरोक्तमा उल्लेखितलगायत अन्य विभिन्न मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि तथा घोषणापत्रमा खाद्य अधिकारका साथसाथै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उपभोग गर्ने र मर्यादापूर्ण जीवन जिउन पाउने हक सुरक्षित गर्नु हरेक राज्य पक्षको दायित्व भएको विषयमा अन्तर्राष्ट्रिय प्रतिबद्धता र कानुनी दायित्व रहेको छ ।

## खाद्य अधिकार सुनिश्चित गर्ने सम्बन्धमा राष्ट्रिय कानुनी व्यवस्था कस्तो छ ?

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१) मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुने व्यवस्थाबाट कुनैपनि नागरिकको आर्थिक तथा सामाजिक अशक्तताको अवस्थालाई राज्यले संरक्षकको भूमिका निर्वाह गर्ने दायित्व सुम्पिएको छ । साथै संविधानको धारा १३ मा समानताको हकको व्यवस्था गरी यसको उपधारा (३) मा महिला, दलित, आदिबासी जनजाति, मधेशी वा किसान, मजदुर वा आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा बालक, बृद्ध तथा अपाङ्गता वा शारीरिक वा मानिसक रूपले अशक्त तथा संरक्षकत्व आवश्यक पर्ने सबै उपायहरू अवलम्बन गर्न राज्यलाई रोक लगाएको छैन भन्ने व्यवस्था गरिनुले राज्य नै अन्तिम अविभावक र संरक्षक हो भन्ने सङ्केत गरेको छ ।

अन्तरिम संविधानको धारा १८(३) मा रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी हकअन्तर्गत प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम खाद्य सम्प्रभुताको हकको व्यवस्था गरिएको छ । यसैगरी संविधानको धारा २२(३) मा असहाय, अनाथ, सुस्त मनस्थिति, द्वन्द्वपीडित, विस्थापित एवं कुनैपनि कारणबाट जोखिममा रहेका बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट विशेष सुविधा पाउने हक हुनेछ भन्ने मौलिक हकको

व्यवस्था असहाय र असक्तताको अवस्थाका बालबालिकाका लागि संवैधानिक ग्यारेन्टी गरिएको छ । साथै धारा ३२ मा उपरोक्तमा उल्लेखित अधिकारको सुनिश्चित नभएमा संवैधानिक उपचारको हकको प्रत्याभूति गरिएको छ । साथै संविधानमा राज्यको दायित्वअन्तर्गत धारा ३३ को उपदफा (ज) मा शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सम्प्रभुतामा सबै नागरिकको अधिकार स्थापित गर्ने नीति लिने उल्लेख छ ।

यसैगरी अन्तरिम संविधानको धारा ३३ को उपधारा (ड) मा राज्य पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने दायित्व पक्ष राष्ट्रको हुने विषय उल्लेख गरी मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनको पालनामा राज्यको दायित्व स्पष्ट गरेको छ ।

नेपालमा खाद्य अधिकारसम्बन्धी विशेष वा छाता कानुन हालसम्म बन्न सकेको छैन । तथापि केही अन्य कानुनहरूमा खाद्य अधिकार संरक्षण गर्ने सम्बन्धमा केही व्यवस्थाहरू विद्यमान छन् । यसअन्तर्गत आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७, खाद्य ऐन, २०२३, कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२, उपभोक्ता संरक्षण ऐन, २०५४, प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३, आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५ मा उचित मूल्यमा खाद्यान्नको उपलब्धता, खाद्य पदार्थको शुद्धता, दुर्गम तथा पिछडिएको क्षेत्रका बासिन्दालाई खाद्यान्नमा सहुलियतको व्यवस्था आदि

> खाद्य आपूर्ति सहज तुल्याउन जमिनको उत्पादकत्व बढाउनुको विकल्प छैन ।

| आर्थिक, सामाजिक तथा खाद्य अधिकारसम्बन्धी विषय | कार्यान्वयनको अवस्था |
|---|---|
| क्यालोरीको पर्याप्तताको अवस्था | कुल जनसङ्ख्या मध्ये ४१ प्रतिशत नागरिक दैनिक निर्धारित क्यालोरीको न्यूनतम मात्रा उपभोग गर्नबाट बञ्चित रहेका छन् ।[१२] |
| खाद्य उपलब्धताको स्थिति | नेपालका ३८ जिल्लामा खाद्य न्यूनताको अवस्था कामय रहेको छ ।[१३] |
| गरिबीको रेखामुनी रहेको जनसङ्ख्याको अनुपात | विगत २० वर्षको अवधिमा गरिबीको अनुपात ४२ प्रतिशतबाट २३.८ प्रतिशतमा झरेको छ ।[१४] |
| दलित समुदायको भूमिमाथि पहुँचको अवस्था | नेपालका दलित समुदाय सबैभन्दा बढी भूमि अधिकारबाट बञ्चितिको अवस्थामा रहेका छन् । जसमध्ये १५ प्रतिशत पहाडी र ४५ प्रतिशत मधेशी दलितहरू भूमिहिन छन् ।[१५] |
| बालबालिकाको समग्र स्वास्थ्यको अवस्था | पाँच बर्ष मुनिका ३८.८ प्रतिशत बालबालिकाहरू आवश्यकताभन्दा कम तौलका छन् भने ४.८ प्रतिशत बालबालिकाहरूको पाँच बर्ष नपुग्दै मृत्यु हुन्छ ।[१६] |
| खाद्यान्न अभावको अवस्थामा नेपालीको स्थिति | नेपालका करिव एक तिहाई जनसङ्ख्या बर्षभरीको कुनैपनि एक विन्दुमा आएर खाद्य अभावको सामना गरिरहेको पाइन्छ ।[१७] |
| कुल ग्राहस्थ उत्पादनमा नेपालको अवस्था | मानव विकास सूचकाङ्क, २०१४ अनुसार विश्वका १८७ देशमध्ये नेपाल १४५ औं स्थानमा रहेको छ ।[१८] |

जस्ता प्रावधानहरूले नेपाली नागरिकको मानवअधिकारको प्रवर्द्धन र संरक्षण गर्ने जमर्को गरेको भएपनि खाद्य अधिकार संरक्षणका लागि छाता कानुनको अभाव खड्किरहेको छ ।

## नेपालमा आर्थिक तथा सामाजिक अधिकारको कार्यान्वयनको अवस्था कस्तो छ ?

नेपालमा आर्थिक तथा सामाजिक अधिकार एवं खाद्य अधिकारको कार्यान्वयनको अवस्थालाई देहायबमोजिम चित्रण गर्न सकिन्छ । नेपालमा खाद्य अधिकारको वास्तविक तस्वीरलाई माथिको तालिकाको विवरणले थप प्रष्ट पार्दछ ।

१२ पाद टिप्पणी नं. ४ ।
१३ ऐजन ।
१४ ऐजन ।
१५ Crisis, Vulnerability and Poverty in South Asia (Country Report, 2013) SAAPE, Drought Vulnerability Districts.
१६ ऐजन ।
१७ ऐजन ।
१८ UNDP Human Development Index, 2014.

## विगतको संविधानसभाले खाद्य अधिकारसम्बन्धी के कस्ता विषयमा सहमति गरेको थियो ?



विगतको संविधानसभाको मौलिकअधिकार तथा निर्देशक सिद्धान्त समिति विषयगत अवधारणापत्र तथा प्रारम्भिक मस्यौदाको प्रतिवेदन, २०६६ को मौलिक हक शीर्षकको क्रम सङ्ख्या २१ मा खाद्यसम्बन्धी हकको व्यवस्था गरी त्यसको उपदफा (१) मा प्रत्येक नागरिकलाई खाद्य अधिकार हुनेछ भनिएको छ । त्यसैगरी उपदफा (२) मा प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ र उपदफा (३) मा प्रत्येक नागरिकलाई कानुनबमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ भन्ने व्यवस्था गरिएको छ ।[१९]

तर, यस्तो व्यवस्था भएपनि पहिलो संविधानसभाको अवसानपछि दोश्रो संविधानसभाको निर्वाचन भई संविधान निर्माण कार्य जारी रहेकोले अबको मस्यौदामा ती विषयहरू कसरी प्रतिविम्बित हुन्छन् भन्ने विषयमा नागरिक खबरदारी आवश्यक छ ।

अन्तरिम संविधानको धारा १८(३) मा रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी हकअन्तर्गत प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम खाद्य सम्प्रभुताको हकको व्यवस्था गरिएको छ ।

## आगामी संविधानमा खाद्य अधिकारका विषयमा कसरी सम्बोधन गरिनु पर्दछ र समेटिनुपर्ने विषयहरू के के हुन सक्छन् ?

नयाँ बन्न लागेको संविधानमा खाद्य अधिकारको प्रत्याभूति गर्दा कानुनले न्यूनतम् खाद्य अधिकारको मापदण्ड तय गर्ने र त्यसलाई अवलम्बन गर्ने सम्बन्धमा संवैधानिक प्रत्याभूति हुने किसिमले न्यूनतम खाद्य अधिकारको सुनिश्चितता अबको संविधानको प्राथमिकता हुनुपर्दछ । जसअन्तर्गत खाद्यको गुणस्तर, यसको उपलब्धता, सरकारको भूमिका र खाद्य अधिकारको सुनिश्चितताको लागि राज्यको दायित्व आवश्यक पर्ने वर्ग, क्षेत्र र समुदायको पहिचानका आधार तथा मापदण्डहरूको पालना गर्नेगरी संविधानमा नै राज्यको कर्तव्य तोकिनुपर्छ । जसबाट खाद्य अधिकारको बन्चितिको अवस्थामा राज्यबाट कानुनी उपचार प्राप्त गर्न सकियोस् ।

## आगामी संविधानमा खाद्य अधिकारका विषयमा कसरी सम्बोधन गरिनु पर्दछ ?

नयाँ बन्ने संविधानमा खाद्य अधिकारको संरक्षणका लागि विद्यमान संविधानमा व्यवस्था गरिएको जस्तो खाद्य सम्प्रभुताको हकको व्यवस्था गरिए तापनि संविधान जारी भएको करिब आठबर्ष वितिसक्दा पनि



१९ मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति विषयगत अवधारणापत्र तथा प्रारम्भिक मस्यौदाको प्रतिवेदन, २०६६, संविधानसभा, मौलिकअधिकार तथा निर्देशक सिद्धान्त समिति, सिंहदरबार, काठमाडौं, पृष्ठ, ४४ ।



त्यससम्बन्धी कानुनको तर्जुमा हुन सकेको छैन । सोही अवस्थालाई विचार गरी न्यूनतम् खाद्य अधिकारको प्रत्याभूतिको विषयमा संविधानमा नै स्पष्ट किटानी हुनुपर्ने माग बढ्दै गएको छ । साथै अन्य विषयमा खाद्य अधिकारसम्बन्धी विधेयकमार्फत सम्बोधन गरिने र खाद्य अधिकार सुनिश्चित गर्ने कानुन संविधान जारी भएको बढीमा २ बर्षभित्र जारी गर्ने प्रतिबद्धता संविधानले नै गर्नु उचित हुन्छ ।

विशेषगरी अरूको संरक्षण आवश्यक पर्ने, विशेष संरक्षणको खाँचो रहेका वर्ग, जातजाति, लिङ्ग र अवस्थाका व्यक्तिहरू जस्तै परित्यक्त बालबालिका, बृद्धबृद्धा तथा अरूको संरक्षण आवश्यक पर्ने वर्गका व्यक्तिहरूका लागि राज्यको तर्फबाट यसको अझ बढी महत्व हुन्छ ।

## खाद्य अधिकारको सुनिश्चितताको लागि नागरिक समाजको के कस्तो भूमिका हुन सक्छ ?

मानवअधिकारका अन्य क्षेत्र जस्तै खाद्य अधिकारको सुचिश्चितताका लागि पनि नागरिक समाजले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसार खाद्य अधिकारसम्बन्धी जनचेतना अभिवृद्धि गर्न पैरवी गर्न सक्दछन् । साथै यस क्षेत्रको अभियानमा लागेका व्यक्ति तथा संस्थाहरूले सरकारी निकायलगायत गैरसरकारी एवं नीजि क्षेत्रसँग समेत सहकार्य गरी जोखिममा परेका व्यक्ति तथा समुदायको खाद्य अधिकार सुनिश्चित गर्न गराउनका लागि सहजीकरण गर्न सक्छन् ।

## खाद्य अधिकारको सुनिश्चितताको लागि सञ्चार क्षेत्रको भूमिका के कस्तो हुन सक्छ ?

स्थानीय तहमा खाद्य अधिकार प्रत्याभूतिमा देखिएका समस्या तथा चुनौतिहरूलाई जनतासामु ल्याउने निकाय सञ्चार क्षेत्र भएकोले सञ्चारको अति महत्वपूर्ण भूमिका रहेको छ । सञ्चार क्षेत्रले यसको वकालतमा सहयोग गर्नुका साथै खाद्य अधिकार उल्लंघनका घटनालाई पनि नीतिगत तहसम्म पुऱ्याउने माध्यमको भूमिका निर्वाह गर्न सक्छन् ।


RtFN

खाद्य अधिकारका लागि राष्ट्रिय सञ्जाल, नेपाल
National Network on Right to Food, Nepal (RtFN)
www.rtfn.org.np फोनः ४००४९७६
गैरीधारा, काठमाडौं, नेपाल

care